# बन्दिपुर गाउँपालिका

बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित राजपत्र

**खण्ड: ७** **संख्या: ४** **मिति: २०८०/०६ /२२**

## भाग २

**बन्दिपुर गाउँपालिका**

**गाउँ कार्यपालिका कार्यालयको सुचना**

# पालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, 2080

**पालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, 2080**

**<u>प्रस्तावनाः</u>**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखी सु-संस्कृत समाजको निर्माण गर्न, धुम्रपान, मध्यपान तथा लागु औषधको दुर्व्यसनबाट यूवाहरुलाई जोगाउन, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत नागरिक बनाउन राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा ख्याती कमाउने, व्यवसायिक खेलाडी उत्पादन गर्ने खेलकुदको क्षेत्रलाई विकास गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 को उपदफा 2 ले दिएको अधिकार प्रयोग गरी बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाले “गाउँ खेलकुद विकास समिति गठन तथा क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यविधि 2080” स्वीकृत गरी जारी गरिएको छ।

**<u>परिच्छेद-1</u>**

**1.संक्षिप्त नाम र प्रारम्भः**

१.१. यो कार्यविधिको नाम “पालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि,2080 रहेको छ ”।यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखी लागु हुनेछ।

**2. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

2.1 कार्यविधि” भन्नाले बन्दिपुर गाउँपालिका, गाउँ खेलकुद विकास समिति गठन र संचालन सम्बन्धी कार्यविधि 2080 भन्ने सम्झनुपर्छ ।

2.2 “प्रमुख” भन्नाले बन्दीपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

2.3 “अध्यक्ष” भन्नाले पालिका खेलकुद विकास समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

2.4 “पालिका खेलकुद विकास समिति” भन्नाले बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाबाट गठित पालिका खेलकुद विकास समिति भन्ने सम्झनुपर्छ ।

2.5“टिम, क्लब, संघ, संस्था” भन्नाले बन्दिपुर गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएका बन्दिपुर गाउँ क्षेत्र भित्रका टिम, क्लव र संघ संस्थाहरु भन्ने सम्झनुपर्छ ।

2.6 “खेलाडी” भन्नाले टिम, क्लब, संघसंस्था सम्बन्धी खेलाडी भन्ने सम्झनु पर्छ ।

2.7 “प्रशिक्षार्थी” भन्नाले बन्दिपुर गाउँपाललिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव संघ संस्थामा संलग्न सिकारु खेलाडी भन्ने सम्झनुपर्छ ।

2.8 “प्रशिक्षक” भन्नाले बन्दिपुर गाउँपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव संघ संस्था खेल प्रशिक्षण समितिमा संलग्न विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनुपर्छ ।

2.9 “प्रशिक्षण समिति” भन्नाले पालिका खेलकुद समिति अन्तर्गत बन्दिपुर गाउँपालिका क्षेत्र भित्र विषयगत खेल प्रशिक्षणका लागि गठित समिति भन्ने सम्झनुपर्छ ।

2.10 “खेलकुद विकास कोष” भन्नाले बन्दिपुर गाउँपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ

2.11 “खेलाडी विवरणः भन्नाले टिम, क्लव, संघ संस्थाहरुले आफ्नो टिम, क्लव,संघ संस्थामा आबद्ध भनी प्रमाणित गरी प्रत्येक महिना गाउँपालिकामा पेश गरेको विवरण भन्ने सम्झनुपर्छ ।

2.12“खेलकुद पदाधिकारी” भन्नाले खेलकुद सम्बन्धि समिति, उपसमितिका पदाधिकारी भन्ने सम्झनुपर्छ ।

## परिच्छेद-2

## गाउँ खेलकुद विकास समितिका उदेश्यहरु

3.1 गाउँको कला, संस्कृति र खेलकुदको विकास र प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने,

3.2 गाउँभित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बन्द्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने,

3.3 स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तनप्रति सचेत नागरिकक तयार गर्ने, व्यवसायिक रुपमा खेलाडी उत्पादन गर्ने,

3.4 टोल, गल्ली, चोक र सडक आदीलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने ।

3.5खेलकुदको माध्यमबाट गाउँबासीहरुलाई नागरिक भावनाप्रति सचेत गराउने,

3.6 खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने,

3.7 खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने,

3.8 खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

3.9 बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजिवीहरुलाई समेत शारीरिक व्यायाम र खेलकुदको व्यवस्था गर्न सहयोग पुर्याउने,

3.10 बन्दिपुर गाउँपालिकाभित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

3.11 टिम, क्लव, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने,

3.12 गाउँपालिका अन्तर्गतका शौक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

## परिच्छेद-3

## गाउँ खेलकुद विकास समितिको गठन र बैठक कार्यविधि

4. खेलकुद क्षेत्रमा क्रियाशिल र ख्याती प्राप्त व्यक्ति मध्येबाट गाउँपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी 11 सदस्य एक गाउँ खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

| | |
|---|---|
| 4.1 अध्यक्षले मनोनित गरेको | -1 जना अध्यक्ष |
| 4.2 अध्यक्षले तोकेको एक महिला सदस्य सहित | - सदस्य 3 जना |
| 4.3 कार्यपालिकाले तोकेको | -सदस्य 6 जना |
| 4.4 गाउँपालिकामा कार्यरत शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य सचिव |

5. गाउँ खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ३ बर्षको हुनेछ ।

6. गाउँ खेलकुद विकास समितिको बैठक कम्तिमा महिनाको १ पटक बस्नेछ ।

7. अध्यक्षले कुनै कारणले पदबाट राजिनामा दिन चाहेमा प्रमुख समक्ष र सदस्यले खेलकुद विकास समिति अध्यक्ष समक्ष राजिनामा दिनु पर्नेछ।

8.पदावधि बाँकी हुदै कुनै कारणबाट पद रिक्त भएमा निज जुन प्रकारले नियुतभएको हो सो पदमा बाँकी अवधीका लागि सोहि प्रकारले अर्को सदस्य मनोनयन हुनेछ।

9. समिति पदाधिकारी तथा सदस्यमा मनोनयनका लागि देहाय बमोजिम योग्यता पुगेको हुनुपर्नेछ।

9.1 अठार वर्ष उमेर पुगेको नेपालि नागरिक।

9.2 पालिका भित्रको स्थायी वासिन्दा (सदस्य सचिव बाहेक) भएको।

9.3 खेलकुदको क्षेत्रमा महत्वपुर्ण योगदान दिएको।

9.4 प्रचलित कानुनले अयोग्य नभएको।

**10.अध्यक्षको काम कर्तव्य र अधिकारः**

10.1 पालिका खेलकुद विकास समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ।

10.2 खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरुको आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने।

10.3 जिल्ला/स्थानीय/प्रदेश/राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने।

10.4 पालिका खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नु पर्ने सम्पुर्ण सिफारिसहरु गर्ने।

10.5 समितिले तोकेको अन्य कार्यहरु गर्ने।

**11.2 सदस्य सचिवको काम, कर्तव्य र अधिकार**

11.1 खेलकुद समिति/संस्था दर्ता अनुसूचि 2 अनुसार प्रमाणपत्र प्रदान गर्ने।

11.2 समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्ने।

11.3 समितिलाई नितिगत रुपमा सरसल्लाह प्रदान गर्ने।

11.4 समितिको निर्णय कार्यान्वयन गर्ने।

11.5 बैठकको लागि पत्राचार गर्ने, अभिलेख राख्ने।

**12.समितिको काम, कर्तव्य र अधिकारः**

12.1 अनुसूचि 1 अनुसार खेलकुद संस्था दर्ताका लागि आएका निवेदन किनाराका लागि निर्णय गर्ने।

12.2 समग्र खेलकुद क्षेत्रको योजनाबद्ध विकास र सम्बर्द्धन गर्ने।

12.3 गाउँपालिका तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गर्ने।

12.4 तोकिएको अनुसुचिमा खेलकुद समिति तथा संस्था गठनमा प्रोत्साहन गर्ने।

12.5सम्बद्ध कार्यका लागि वार्षिक योजना तयार गरी नगर सभाको बैठक अगाडी प्रमुख समक्ष पेश गर्ने।

12.6 खेलकुद क्षेत्रका प्रतियोगिताहरु आयोजना गर्ने।

12.7 खेलाडी, प्रशिक्षक, निर्णायकहरुलाई तालिम गराउने, प्रतियोगिताहरुमा सहभागी गराउने।

12.8 वडासम्म खेलकुद विकास गर्न वडास्तरमा समेत खेलकुद समिति गठन र कार्यक्रम संचालन गर्ने।

## परिच्छेद-4

## खेलकुद प्रतियोगिता व्यवस्थापन

13. गाउँ खेलकुद विकास समिति आफैले वा गाउँपालिकामा दर्ता भएका टीम, क्लवहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्ने छ ।

14. गाउँ खेलकुद विकास समिति आफै वा गाउँभित्रका टीम, क्लव मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय टीमसंग मैत्रीपूर्ण खेलकुदको आयोजना गर्ने, गराउन सक्नेछ ।

15. गाउँ खेलकुद विकास समितिले आवश्यकता अनुसार एक सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

16. गाउँ खेलकुद विकास समिति अन्तर्गतका प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-5

## पालिका क्षेत्रभित्रका टीम, क्लब र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

17.बन्दिपुर गाउँपालिका भित्रका टीम, क्लव, समिति र संस्था आदीले गाउँ खेलकुद विकास समितिको उदेश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा सम्बन्धित वडाअध्यक्षको सिफारिस र आफ्नो टिम, क्लब, संस्थाको एक प्रति विद्यान सहित फाराम बुझाई गाउँपालिकामा दर्ता गर्नु पर्नेछ ।

17.१ क्लव/ संस्थाको दर्ताका लागि अनुसुचि 1 बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

17.2 दर्ता भएका क्लव/संस्था लाई अनुसुचि-2 बमोजिमको ढाँचामा प्रमाणप्रत्र दिईनेछ।

17.3 दर्ताक्लव/संस्थाको बार्षिक रुपमा नविकरण समेत गर्नु पर्नेछ ।

18. दर्ता भएका टीम, क्लबले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी गाउँ खेलकुद विकास समितिबाट स्वीकृति लिनु पर्नेछ ।

19. दर्ता र नविकरण गर्नुभन्दा पहिले गाउँ खेलकुद विकास समितिबाट सम्बन्धित ठाउँमा निरिक्षण गर्न सक्नेछ ।

20 खेलकुदको स्वरुप र स्तर हेरी गाउँ खेलकुद विकास समितिले आर्थिक सहयोग रकम उपलब्ध गराउन गाउँपालिकालाई सिफारिस गर्न सक्नेछ ।

21. गाउँ खेलकुद विकास समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समिति रहनेछ ।

## परिच्छेद-6

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम ब्यवस्थापन

22. गाउँपालिकाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक र टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।
23. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।
24. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एंव अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।
25. बन्दिपुर गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लव, संघ संस्थाका प्रतिनिधिहरुको र्याली वा बैठक बोलाउन सक्नेछ ।

## परिच्छेद-7

## खेलकुद प्रतियोगितामा व्यवस्थापन

26. अन्तर गाउँपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा बन्दिपुर गाउँपालिकाका टीम, क्लब, संघ संस्था वा विद्यालय/ कलेजलाई सहभागी गराउन सक्नेछ ।

## परिच्छेद-8

## तालिम तथा प्रशिक्षण व्यवस्थापन

27. बन्दिपुर गाउँपालिकाले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नको लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।
28. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन गाउँ खेलकुद विकास समितिका प्रतिनिधि र वडा अध्यक्षको सिफारिस सहित गाउँ खेलकुद समितिको निर्धारित फाराम बुझाई आवेदन दिनु पर्नेछ ।

29. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एकजना प्रशिक्षक र एकजना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ ।प्रशिक्षकको सेवा सुविधाको विषयमा गाउँपालिकाको बोर्डसंगको छलफलबाट टुङ्गाइने छ ।

30. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा 1 बर्षको लागि हुनेछ ।आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ।

31. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनुपर्नेछ।

32. प्रशिक्षकले आवश्यक सामानको सुचि तयार गरी गाउँपालिकामा माग गर्ने, खेलाडीबाट मासिक शुल्क उठाउने, प्रशिक्षण सामाग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र पाकेज प्रोग्राम( प्रशिक्षण ) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

33. प्रशिक्षकले हप्ताको 6 दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ।

34. कुनै कारणवस एक महिना वा सो भन्दा बढी खेल प्रशिक्षण हुन नसकेमा गाउँ खेलकुद समितिले निर्णय गरी प्रशिक्षण स्थगित गर्न सक्नेछ । स्थगित खेलका प्रशिक्षार्थीहरुसंग मासिक शुल्क उठाउने छैन र प्रशिक्षकलाई करार बमोजिम पारिश्रमिक रोक्का गरिनेछ ।

35. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुन: संचालन गर्न आवश्यक व्यवस्था भएको सुचना मिलेमा गाउँ खेलकुद विकास समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

36. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिका बोर्डलाई अनुरोध गरि स्वीकृति भए अनुसार गरिनेछ ।

## परिच्छेद-9

## निर्माण तथा मर्मत

37. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

38. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कँहा लानु पर्ने भएमा सचिवको माग अनुसार गाउँ खेलकुद समितिको सिफारिसमा गाउँपालिकाले मर्मत संभार गर्नेछ ।

39. खेलकुद भवन, मैदान आदीको व्यवस्था गर्न गाउँ खेलकुद विकास समितिले बन्दिपुर गाउँपालिकाको बोर्ड बैठकलाई अनुरोध गर्नेछ ।

## परिच्छेद-10

## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

40. युवा तथा खेलकुद विकास समिति अन्तर्गत गाउँ खेलकुद समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सौद्धान्तिक कक्षा संचालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरिने छ। विषयगत खेल प्रशिक्षण समिति सम्बन्धि अन्य व्यवस्थाहरु देहाय बमोजिम हुनेछ ।

40.1 गाउँ खेलकुद विकास समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्बन्धित खेल प्रशिक्षक रहने गरी 3 देखी 5 सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिने छ ।

40.2 यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

40.3 यस समितिले सम्बन्धित खेलकुदप्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ ।

40.4 प्रशिक्षणको लागि आवश्यक सामाग्री जुटाउन मद्दत गर्नेछ ।

40.5 प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रेडिङ्ग, प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ ।

40.6 प्रशिक्षण केन्द्रमा धार्मिक, साम्प्रदायिक एवं अन्य खराब दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।

40.7 गाउँ खेलकुद विकास समितिको नीति, नियम र निर्देशनलाई पालना गर्ने र गर्न लगाउने छ।

40.8 प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण दिन अनुमतिको लागि आवेदन बुझिलिने कार्य गर्नेछ ।

40.9 यस समितिको संयोजकको आदेशानुसार कम्तीमा 2 महिनाको १ पटक बैठक बस्नेछ ।

40.10 गाउँ खेलकुद विकास समितिको निर्देशानुसार सम्बन्धित खेलको लागि वार्षिक कार्य तालिका बनाउनेछ ।

40.11 अनुशासनको कारवाही गर्ने क्रममा गल्ती हेरी स्पष्टीकरण, चेतावनी वा निलम्बन गर्न सक्नेछ । तोकेको अबधिमा पनि आचरण सुधार नभएमा निष्काशन गर्न सक्नेछ ।

40.12 अनुशासनको कारबाही गर्ने क्रममा सम्बन्धित ब्यक्तिलाई सफाई पेश गर्ने मौका दिइनेछ । तर प्रशिक्षण समितिको प्रतिवेदनमाथि गाउँ खेलकुद समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

40.13 गाउँ खेलकुद विकास समितिको निर्णय अनुसार आवश्यक थपघट वा संशोधन सुधार गर्न सकिनेछ।

## परिच्छेद-11

## अनुशासनको कारबाही, दण्ड, सजाय र पुरस्कार

41. अनुशासनको कारबाही : खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ।कसैले अनुशासन र आचारसंहिताको उलघंन गरेमा, देहाय बमोजिमको आचरण वा कार्य गरेमा प्रशिक्षण समितिको निर्णय अनुसार अनुशासनको कारबाही गर्न सक्नेछ ।

41.1 गाउँखेलकुद विकास समिति र त्यस अन्तर्गतका समितिको बदनाम (अहित) हुने कार्य गरेमा।

41.2 समितिको नीति, नियम, निर्देशन र निर्णय विपरित कार्य गरेमा ।

41.3 गोपनियता भंग गरेमा ।

41.4 अनैतिक कार्यमा संलग्न रहेको स-प्रमाण जानकारी पाएमा ।

41.5 अनुमति विना अन्य संस्थासित संलग्न रही खेलकुद क्रियाकलाप गरेमा ।

41.6 प्रशिक्षार्थीले तोकेको शुल्क नबुझाएमा ।

42. दण्ड सजाय : खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक लगायत र खेलकुदमा संलग्न गाउँ खेलकुद विकास समितिमा दर्ता भएका कुनै टीम, खेलाडी, प्रशिक्षक, आयोजक र पदाधिकारीहरुले खेलभावना, खेलकुदको उदेश्य, आचारसंहिता र खेल नियम विपरित आचरण गरेमा विषयगत प्रशिक्षण समितिको सिफारिस वा प्रतियोगिता आयोजक वा प्रशिक्षक वा व्यस्थापकको सिफारिसमा गाउँ खेलकुद विकास समितिले निलम्बन, निष्काशन, नसिहत, लगायतका दण्ड सजाय दिन सक्नेछ र सो व्यक्ति, संस्थालाई कानुनी कारबाही गर्न राष्ट्रिय खेलकुद परिषद लगायत सम्बन्धित निकायमा लेखी/ जानकारी पठाउने छ।

43. गाउँ खेलकुद विकास समितिको स्वीकृति लिनुपर्ने : गाउँ खेलकुद विकास समितिले दिईराखेको प्रशिक्षणमा संलग्न खेलाडीहरुले कुनै पनि प्रतियोगितामा कारणबस अन्य संघ संस्थाबाट सहभागी हुनुपर्ने

अबस्था भएमा सम्बन्धित प्रशिक्षकको सहमति सहित गाउँ खेलकुद समितिको स्वीकृति लिनु पर्नेछ ।बिना स्वीकृति प्रतियोगितामा भाग लिई हानी- नोक्सानी पुर्याएको खण्डमा आफै जिम्मेवार हुनेछ ।

44. खेलकुद सम्मान र पुरस्कार: गाउँभित्रका कुनै खेलाडी वा गाउँपालिकाको प्रतिनिधित्व गर्ने कुनै पनि खेलाडीले राष्ट्रिय प्रतियोगितामा उल्लेखनिय पदक प्राप्त गरेको बा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी जनाई गाउँपालिका र देशको प्रतिनिधित्व गरेको खण्डमा यस गाउँ खेलकुद विकास समितिले आवश्यक मूल्याङ्कन र निर्णय गरी समय समयमा त्यस्ता खेलाडीहरुलाई सम्मान र पुरस्कारको लागि गाउँपालिका बोर्डमा अनुरोध गरी सम्मानित र पुरस्कृत गर्न गराउन सक्नेछ।

**परिच्छेद-12**

**विविध**

45. गाउँ खेलकुद विकास समितिबाट प्रशिक्षण र प्रतियोगिता संचालन गर्न कुनै विशेष सामान, भवन र जग्गा भाडामा लिन सक्नेछ ।

47. कुनै पनि नीति नियम वा यस अन्तर्गत आर्थिक सहयोग, सुविधा तथा शुल्कको सवालमा समय र परिस्थिति अनुसार थपघट वा संशोधन गर्नु परेमा पालिका खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिका बोर्ड बैठकले आवश्यक निर्णय गर्न सकिनेछ ।

48. खेलकुद प्रतियोगिताको सिलसिलामा कुनै खेलाडी प्रशिक्षक वा व्यवस्थापक घाइते भई शरीरको कुनै अंग अपाङ्ग भएमा वा त्यस्ता व्यक्तिको परिवारलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग वा रोजगारको व्यवस्था गर्न बन्दिपुर गाउँपालिका, गाउँकार्यपालिकालाई सिफारिस गर्नेछ । खेलकुद प्रतियोगितामा भाग लिने प्रशिक्षक, खेलाडी र व्यवस्थापकको आवधिक बिमाको व्यवस्था समेत गर्नेछ ।

49. यस कार्यविधि आवश्यकताअनुसार गाउँ खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाले संशोधन गर्न सक्नेछ।

अनुसूची-1

(दफा 17 को उपदफा 1 सँग सम्बन्धित)

मिति

..........................

..........................

..........................

..........................।

विषयः संस्था दर्ता सम्बन्धमा।

म/हामी तपसिलमा लेखिएको विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यत्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृत र संस्था दर्ताका लागि आवेदन गरेका छु/छौँ।नियमानुसार संस्था दर्ता गरिदिनुहुन अनुरोध छ।

संस्थाको कार्यलय रहने स्थानः...............

वडा नं..........................

टोलको नाम.................

अध्यक्षको नाम..............

सचिवको नाम.............

मिति...................

सम्पर्क नं...................

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

क) संस्थाको विधानको मस्यौदा

ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

ग) संस्थाको छापको नमुना।

अनुसूची-2

(दफा 17 को उपदफा 2 सँग सम्बन्धित)

मिति

..........................

..........................

..........................

..........................।

विषयः संस्था दर्ता प्रमाणपत्र।

संस्थाको नामः....................... ठेगानाः.................

दर्ता हुँदाको बखत रहनु भएका समितिको पदाधीकारी र सदस्य संख्याः...........

दर्ता हुँदाको बखत रहनु भएको अध्यक्षको नामः........................

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संख्या दर्ताको प्रमाणपत्र प्रदान गरिएको छ।बन्दीपुर गाउँपालिकाको खेलकुद समितिको कार्यविधिको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिईएको छ।

................................................

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

बन्दीपुर गाउँपालिका

आज्ञाले,
नवेशराज हमाल
प्रमुख प्रशासकीय अधिकृत